(दफा ४ तथा अनुसूची–१ को भाग–१ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : ४३ मिति : २०७७/०३/२९

## भाग : –१
## त्रिवेणी गाउँपालिका

त्रिवेणी गाउँसभाको स्वीकृतिबाट जारी

**"त्रिवेणी गाउँपालिकाको स्थानीय मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि , २०७७"**

**प्रमाणिकरण गर्नेको नाम :- झक्कु प्रसाद घर्ति मगर**
**अध्यक्ष**
**त्रिवेणी गाउँपालिका, रुकुम पश्चिम**

# स्थानीय मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धि कार्यविधि -२०७७

प्रमाणिकरण मितिः २०७७/०३/२८

**प्रस्तावनाः**
त्रिबेणी गाउँपालिकामा बसोबास गरी आएका आम नागरीकहरुको सदाचार, स्वास्थ्य, सुविधा तथा आर्थिक हित, सामाजिक सम्बन्ध कायम राख्नको लागि मदिराको उत्पादन, विक्री-वितरण निकासी-पैठारी समेतमा नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले, त्रिवेणी गाउँपालीका रूकुम पश्चिमको गाउँ सभाको बुहमतको निर्णयबाट यो कार्यविधी बनाई लागु गरिएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

(१) यस कार्यविधीको नाम "मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधी - २०७७"रहेको छ।

(२) यो कार्यविधी त्रिवेणी गाउँपालिका रूकुम पश्रिचम भर लागू हुनेछ ।

(३) यो कार्यविधी तुरून्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्दारा कुहाई वा अन्य कुनै तरीकावाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छयाङ,व्हिस्की, रम, ब्राण्डी, भोड्का, वियर, वाइन, सेरी, सेन्पेन, साइडरपेरी, मिड, माल्टन, औधोगिक अल्कोहल, रेक्टिफाइट स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउने छ ।

(ख) "उत्पादन " भन्नाले मदिरा तयार गर्नको लागि आवश्यक पदार्थ कुहाउने तताउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्न वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधीलाई सम्झनु पर्ने छ ।

(ग) "व्यवस्थापन " भन्नाले मदिराजन्य पदार्थको उत्पादन, विक्री तथा वितरण, निकासी पैठारी गर्नको निम्ति इजाजत पत्र प्रदान गरी मदिराजन्य पदार्थको उत्पादन, विक्री तथा वितरण, निकासी र पैठारीको कार्य व्यवस्थित गर्ने कार्यलाई सम्झनु पर्छ ।

(घ) "इजाजतपत्र" भन्नाले दफा ६(क) बमोजिम मदिराको उत्पादन, विक्री तथा वितरण, निकासी र पैठारी गर्न दिएको इजाजत सम्झनु पर्छ ।

(ङ) "उत्पादक" भन्नाले मदिरा उत्पादन गर्न इजाजत पत्र प्राप्त गरेको व्यक्ति, फर्म , कम्पनी वा संस्थालाई सम्झन पर्छ ।

(च) "व्यक्ति" भन्नाले (प्राकृतिक तथा कानूनी व्यक्ति) वा कुनै व्यक्ति प्रतिष्ठान, संघ, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय, गुठी वा कोषको सञ्चालक, प्रोपराइटर वा मुख्य मदिराको उत्पादन भई काम गर्ने प्रतिनीधी वा ऐजेन्ट सम्झनु पर्छ । र सो शव्दले नाफाको उद्देश्य लिई वा नलिई पैठारी गरी थोक वा खुद्रा वा

जुनसुकै रुपमा विक्री वितरण गर्ने निकाय वा त्यस्तो निकायको शाखा उपशाखा वा त्यस्तै अन्य कारोवार गर्ने स्थान समेतलाई जनाउने छ ।

(छ) "निकासी" भन्नाले प्रचलित कानून बमोजिम उत्पादन भएको मदिरालाई एक स्थानबाट अर्को स्थानमा खरीद विक्री गरी पठाउने कार्यलाई सम्झनु पर्छ ।

(ज) "पैठारी" भन्नाले प्रचलित कानून बमोजिम विदेशबाट नेपाल भित्र मदिरा ल्याउने कार्य सम्झनु पर्छ ।

(झ) "प्रचलित कानून" भन्नाले मदिरा सम्बन्धी प्रचलित कानुन मदिरा ऐन २०३१ र मदिरा सम्बन्धी नियमावली २०३३ लाई सम्झनु पर्छ ।

(ञ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले त्रिबेणी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्छ ।

(ट) "तोकिए वा तोकिए बमोजिम " भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **मदिराको उत्पादन नियन्त्रणः-** कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक यस गाउँपालिका भित्र मदिरा उत्पादन गर्न पाउने छैन ।

४. **मदिराको विक्री वितरणमा नियन्त्रणः-** कुनै व्यक्तिले इजाजत पत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम शर्त बमोजिम वाहेक यस गाउँपालिका भित्र मदिरा विक्री वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेन्ट वा पसल थाप्न पाउने छैन । तर अन्य कुनै निकायबाट इजाजतपत्र लिएका वा गाउँपालिकाबाट इजाजतपत्र लिएको भएता पनि मदिराजन्य पदार्थको विक्री वितरण गर्न नपाउने गरी गाउँपालिका भर वा गाउँपालिकाको स्वास्थ्य , शिक्षा, सरकारी कार्यालय र पुरातात्वीक महत्वका क्षेत्रहरुमा निशेधित क्षेत्र घोषणा गर्न सकिनेछ ।

**५. मदिराको उत्पादन तथा विक्री वितरणमा बन्देजः**

क) मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पुरयाउने मदिरा जस्तैः ट्याडग्रा, पाउँच र लिची जस्ता मदिरा विक्रि गर्न पाने छैन । इजाजतपत्र लिएको व्यक्तिले मात्र मदिरा विक्री गर्नु पर्ने छ साथै मदिरा पसलमा अरु समानहरु पनि विक्रीका लागि राख्न पाइने छैन ।

**६. मदिराको निकासी पैठारीमा नियन्त्रणः**

कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको सर्त बमोजिम वाहेक गाउँपालिका भित्र मदिराको निकासी वा पैठारी पाउने छैन ।

७. **इजाजतपत्र लिनुपर्नेः**

इजाजतपत्र नलिई कसैले पनि मदिराको उत्पादन, पैठारी, विक्री वा सञ्चय गर्न पाउने छैन् । साथै गाउँपालिकाले नयाँ व्यवसायी गर्नेहरुका लागि यसै कार्यविधी अन्तर्गत इजाजत पत्र दिन सक्नेछ ।

**८. इजाजतपत्र दिनुपर्नेः**

दफा ७ वमोजिम इजाजतपत्रको लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचवुझ गर्नेछ र त्यसरी जाँचवुझ गर्दा निवेदकलाई इजाजतपत्र दिन मनासिव देखेमा तोकिए बमोजिम को सर्तको अधिनमा रही मदिराको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गर्न तोकीएको दस्तुर लिई तोकिएको ढाँचामा इजाजतपत्र दिनुपर्नेछ ।

**९. इजाजतपत्रको अवधि र नविकरणः**

इजाजतपत्रको अवधि र नविकरण दस्तुर सम्वन्धि व्यवस्था तोकिए वमोजिम हुनेछ ।

**१०. इजाजतपत्र बदर गर्न सक्नेः**

तोकिएको अधिकारिले दफा ८ वमोजिम दिइएको इजाजतपत्र देहायको अवस्थामा बदर वा बदर गर्न सिफारीस गर्न सक्नेछ ।

(क) इजाजतपत्र नवीकरण नगरेमा,

(ख) इजाजतपत्रमा तोकिएका शर्त उलङ्घन गरेको पाइएमा,

(ग) दफा ५ विपरीत काम गरेको पाईएमा ।

**११. व्यवसायी वा सेवाग्रहीले पालना गर्नु पर्ने शर्तहरुः-**_गाउँपालिका भित्र इजाजतपत्र लिई मदिराको विक्रि वितरण गर्ने व्यक्तिहरुले देहायका शर्तहरुको अनिवार्य पालना गर्नु पर्नेछ ।

क) इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ ।

ख) इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

ग) प्रत्येक वोतलमा विर्को र वोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँस गरी मदिरा निकासी गर्नु पर्नेछ ।मदिरा सेवन गर्न तोकिएको होटल तथा रेष्टुरेन्टमा सेवन गर्दा मदिरा सेवन गर्ने व्यक्तिले मदिरा सेवन परिचयपत्र प्रयोग गरेको हुनु पर्नेछ । परिचयपत्र गाउँपालिकाले उपलव्ध गराउने छ ।

घ) साझ ५ वजे देखि राती ११ वजे सम्म मात्र मदिराको विक्री वितरण गर्नु पर्नेछ ।

ड) अठार वर्ष नपुगेका व्यक्तिले मदिरा विक्री वितरण गर्न पाइने छैन ।

च) मदिरा खरीद विक्री गर्नेले मदिरा खारीद विक्री गरेको विजक राख्नु पर्ने छ ।

छ) इजाजतपत्रवालाले अन्तःशुल्क टिकट टाँस गरेको मदिरा मात्र विक्री वितरण गर्नु पर्ने छ ।

ज) अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१ र सो अन्तर्गत बनेका अन्य कानूनहरुको परिपालना गर्नु पर्ने छ ।

झ) गाउँपालिका भित्र कुनै पनि व्यक्तिले साझँ ६ वजे देखि १० वजे सम्म मदिरा सेवन तथा विक्री वितरण गर्ने अनुमति लिएको स्थान वा सिमित परिमाणमा मात्र मदिरा सेवन गर्न पाउने छ ।तर सनातन रुपमा मानी आएको संस्कार, संस्कृतिमा भने यो समय लागु हुने छैन ।

ञ) गाउँपालिकाले मदिरा राख्न पाउने गरी बर्गिकरण गरेका होटलहरुमा मात्र मदिरा राख्न तथा विक्री गर्न पाइनेछ ।

ट) गाउँपालिकाले सार्वजनिक सुचना आह्यवान गरी मदिरा सेवन गर्ने वा विक्रि वितरण गर्ने स्थान तोक्नेछ र सोहि स्थानबाट मात्र मदिराको विक्री वितरण तथा साझको ५ वजे देखि १० वजे सम्म मदिरा सेवन गर्नु पर्नेछ ।

ठ) सार्वजनिक स्थल (गाउँपालिको कार्यालय, वडा कार्यालय, अस्पताल, विधालय, क्याम्पस, मठ मन्दिर तथा अन्य सबै प्रकारका सरकारी कार्यालय ) रहेको वरीपरी ५०० मिटर भित्रको क्षेत्रमा कुनै पनि किसिमको मदिरा जन्य पदार्थको उत्पादन, विक्री वितरण र सेवन गर्न पाइने छैन ।

ड) मदिरा विक्री वितरण गर्ने व्यक्तिले मदिरा खरीद गर्ने व्यक्तिको तीन पुस्ते विवरण राख्नु पर्नेछ । उक्त विवरण गाउँपालिकाको अनुगमण टोलीले हेर्न चाहेमा उपलव्ध गराउनु पर्ने छ ।

ण) एक्काई वर्ष नपगेका युवा-युवतीहरुले माथी उपदफा (झ) मा उल्लेखित दफा लागु हुने छैन ।

## १२. लागू नहुने अवस्थाः

यस ऐनको अन्य दफाहरूमा जुनसुकै कुरा लेखिएको भएतापनि निजी उपयोगको निमित्त जनसुकै व्यक्तिले महत्वपूर्ण चाडपर्वमा मा मात्र घरेलु मदिरा उत्पादन गर्न पाउने छन । सो समयमा यो कानून लागु हुनेछैन ।

## १३. गाउँपालिकालाई तिर्नु पर्ने रकम सरकारी वाँकी सरह असुल गर्नेः

यो कार्यविधी बमोजिम कुनै व्यक्तिले गाउँपालिकालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई बाँकी राखेमा त्यस्तो रकम नीजबाट गाउँपालिकाले वाँकी रहे सरह असुल उपर गर्ने छ ।

## १४. दण्ड सजायः-

क) यस कार्यविधीको दफा ११ बमोजिमका शर्तहरुको उलंघन गरेको पाइएमा त्यस्तो उलंघन गर्ने व्यक्तिलाई पाँच हजार रुपैया देखि पचास हजार रुपैया सम्म जरीवाना वा प्रचलित कानून बमोजिम सजाय वा दुवै सजाय हुनेछ । सो कार्य गर्न दुरुत्साहन वा मतियार हुनेलाई दण्डसजायको आधा सजाय हुनेछ ।

ख) गाउँपालिका भित्र मदिरा सेवन गरी हो हल्ला गरेमा, परिवारका सदस्यहरुलाई दुःख दिएमा, तोकिएको अवधी बाहेक अन्य अवधीमा मदिरा सेवन गरेमा, मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा वा सार्वजनिक सुव्यवस्थामा खलल पुग्ने कार्य गरेमा देहाय बमोजिमको सजाय हुनेछ ।

१) सार्वजनिक पद धारण गरेको व्यक्ति बाहेकका सर्वसाधारण व्यक्ति भएमा पहिलो पटक एक हजार रुपैया, दोश्रो पटक भए दुई हजार रुपैया तेश्रो पटक भए तीन हजार रुपैया र सो भन्दा बढी पटक दोहर्याएमा पाँच हजार रुपैया सम्म जरीवाना गरिने छ ।

२) कर्मचारी तथा सार्वजनिक पद धारण गरेको व्यक्ति भएमा पहिलो पटक एक दुई हजार रुपैया, दोश्रो पटक भए तीन हजार रुपैया तेश्रो पटक भए पाँच हजार रुपैया र सो भन्दा बढी पटक दोहर्याएमा सात हजार रुपैया सम्म जरीवाना गरिने छ ।

३) सर्वसाधारण वा सार्वजनिक पद धारण गरेको व्यक्ति मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा पहिलो पटक एक दुई हजार रुपैया, दोश्रो पटक भए तीन हजार रुपैया तेश्रो पटक भए पाँच हजार रुपैया र सो भन्दा बढी पटक दोहर्याएमा सात हजार रुपैया सम्म जरीवाना गरिने छ ।

४) कसैले यस गाउँपालिका भित्रको क्षेत्रमा ट्याङग्री, पाउँच वा लिची विक्री वितरण गरेको पाइएमा सो बस्तु जफत गरी पहिलो पटकलाई रु ५००/- देश्रो पटकलाई रु १०००/- त्यसपछि जतिसुकै पटक भएपनि पटक रु ५०००/- जरीवाना गरिनेछ ।

५) कुनै व्यक्तिले, माथी उल्लेखित बमोजिमको जरीवाना वाफतको रकम तिर्न नसकेमा वा नतिरेमा गाउँपालिकाले जरीवाना रकम बराबरको श्रममा लगाउन सक्नेछ ।

६) पटक-पटक मदिरा सेवन गर्ने व्यक्तिलाई नेपाल प्रहरी वा गाउँ प्रहरीले व्यवहार परिवर्तनको लागि तारेखमा बोलाउन सक्नेछ ।

७) कर्मचारी, सार्वजनिक पद धारण गरेको व्यक्ति वा सर्वसाधारणबाट गरिएको दण्डजरीवाना स्वरुपको रकम सार्वजनिक निर्माण कार्यमा खर्च गरिनेछ ।

**१५. मदिरा तथा अन्य समानको जफत बिक्रीः-**

कुनै व्यक्ति यस कार्यविधी र प्रचलित कानून विपरीत मदिराको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसंग सम्बन्धित मदिरा प्रमुख प्रशासकिय अधिकृत वा नीजले तोकेको कर्मचारीले जफत गर्ने छ ।जफत गरिएको गुणस्तरयक्त मदिरा प्रशासकिय अधिकृतले कानून बमोजिम लिलाम गर्नेछ ।यस कार्यविधी र प्रचलित कानून विपरीत मदिराको कारोवार गर्न प्रयोग गरिएका सबै समानहरु प्रमुख प्रशासकिय अधिकृतले जफत गरी तोकिए बमोजिमले लिलाम गर्ने छ । तर सवारी साधनको हकमा भने सवारी धनीको मन्जुरी लिनु पर्ने छ साथै सवारी साधन जफत गरिने छैन ।

**१६. तहकिकातको प्रक्रियामा सहयोग गर्नु पर्नेः-**

यस कार्यविधी र प्रचलित कानून अन्तर्गत सजाय हुने कसुरको तहकिकातको शिलशिलामा प्रमुख प्रशासकिय अधिकृत वा नीजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा सहयोग गर्नु सम्बन्धीत व्यक्तिको कर्तव्य हुनेछ ।

**१७. मुद्दा हेर्ने अधिकारीः**

दफा ११ बमोजिमको कसुरको शुरु कारवाही र किनारा प्रचलित कानून बमोजिमको निकायले र वाँकी यस कार्यविधी अन्तर्गतको कसुरमा शुरु कारवाही र किनारा गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई हुनेछ ।

**१८. पुनरावेदनः**

यस कार्यविधी बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गरेको निर्णय उपरमा चित्त नबुझने व्यक्तिले पुनरावेदनको लागि जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**१९. पुरस्कारः**

(१) कसैले यस कार्यविधी तथा प्रचलित कानून विपरित मदिरा उत्पादन, संचय, विक्री वितरण, ओसारपसार, निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सवुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरूप दिइनेछः-

(क) सुराक दिने व्यक्तिलाई विगोको दश प्रतिशत,

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई विगोको बीस प्रतिशत,

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई विगोको तीस प्रतिशत,

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोंजनको लागि मदिरा र सोसंग सम्वन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामवाट प्राप्त रकमलाई विगो मानिनेछ ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा गाउँपालिकाले त्यस्तो सुराक दिने वा सवुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहरयाएको रकम पुरस्कार स्वरूप दिन सक्नेछ ।

(४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एकजनाभन्दा वढी भएमा पुरस्कार को रकम दामासाहीले वितरण गरिनेछ ।

**२०. सहयोग गर्नु पर्नेः-**

यस कार्यविधी वा प्रचलित कानूनको कार्यान्वयनको लागि गाउँपालिकाले मागेको सहयोग उपलव्ध गराउनु स्थानीय प्रशासन तथा सरोकारवाला र अन्य निकायहरुको कर्तव्य हुनेछ ।

अनुसुची-१

**त्रिवेणी गाउँपालिकाको कार्यालय**
**रुकुम पश्चिम, कर्णाली प्रदेश नेपाल**

*व्यवसाय दर्ता प्रमाण-पत्र*

दर्ता नं. मितिः-

व्यवसाय/फर्मको नामः

व्यवसायको नामः

घरधनीको नामः

व्यवसाय रहेको स्थानः

व्यवसाय रहेको बाटोको नामः

व्यवसाय रहेको घर नं.

व्यवसायीको ठेगानाः

इमेलः

फोन नं.

पाना नं.

अन्य निकायमा दर्ता भएकै भएः

निकायः

दर्ता नं.

मितिः-

| क.स. | व्यवसायको प्रकार | व्यवसायको प्रकर्ति | वडा नं. | र्ता नं. | टोलको नाम | बाटोको नाम | घर नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

नोटः- यो प्रमाणपत्र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम त्रिवेणी गाउँपालिकाबाट जारी गरिएको छ । जारी गरेको आदेश निर्देशन र सुचना सबैले अनिवार्य पालना गर्नु पर्नेछ

.......................... ....................................

व्यसायीको दस्तखत अधिकारीको दस्तखत

प्रमाणित गर्ने :- झक्कु प्रसाद घर्ति मगर
अध्यक्ष
त्रिवेणी गाउँपालिका रुकुम पश्चिम
दस्तखत :